**नगरसभाको १८औं अधिवेशन मिति २०८३ साल आषाढ ७ गते सुरू भई आषाढ १४ मा सम्पन्न भएको छ। अधिवेशन अवधिमा ३ पटक बैठक बसेको र बैठकले गरेका निर्णय तथा मुख्य गतिविधिहरू निम्न बमोजिम रहेका छन्।**

**बैठक संख्याः१**

**बैठक स्थानः नारायण नगरपालिकाको सभाहल**

अध्यक्षताः लोमन शर्मा

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८३/०३/०७ | ०१:०० बजे | नीति तथा कार्यक्रम प्रस्तुत | लोमन शर्मा | |
| | ०१:३० बजे | नीति तथा कार्यक्रम माथि छलफल | | |
| | ०२:३० बजे | नीति तथा कार्यक्रम स्वीकृतिका लागि निर्णयार्थ पेश | लोमन शर्मा | |

**गतिविधि तथा निर्णयहरूः**

१.१ नगर प्रमुख श्री लोमन शर्माले सभासमक्ष नीति तथा कार्यक्रम २०८३/८४ प्रस्तुत गर्नुभएको।

१.२ नगर सभामा नीति तथा कार्यक्रम माथि छलफलका क्रममा निम्न सदस्यहरूले आफ्नो भनाइ राख्नुभएको।

(क) **सदस्य श्री भेषराज थापाः** विगत लामो समयदेखि विपदमा काम गरेको नाताले विपदमा ११ लाख विनियोजनका लागि धन्यबाद दिदै सकिन्छ भने थप गर्नुपर्ने र प्रतिकार्यका लागि सामग्री खरिद मात्र पर्याप्त नहुने भएकोले जनशक्तिको क्षमता विकास गर्नुपर्ने, नगरभित्र स्वयम् सेवक तयार गरी न्यून क्षति हुने अवस्था कायम गर्न आवश्यक रहेको; दैलेख बजारमा नेपालभारकै महंगो खानेपानी भएको तर नगरको स्रोत न्यून रहेकोले सोको सम्बोधनका लागि प्राथमिकता दिनुपर्ने लगायतका विषयहरू उठाउनुभएको।

**(ख) सदस्य श्री सुनकला दमाईः** एक घर एक शौचालय कार्यक्रम संचालन गरिएकोमा दलित बस्तिहरूमा प्रतिवडा केबल ५/६ वटा शौचालयका लागि बजेट विनियोजन हुने र बनेका

शौचालयहरू समेत अस्तव्यवस्त भएकोले सबै घरहरूमा शौचालय निर्माणका लागि बजेट प्राथमिकता दिइनुपर्ने लगायतका विषयहरू राख्नुभएको।

(ग) **<u>सदस्य श्री महेन्द्र विक्रम खड्का:</u>** "समृद्ध नगर, आत्मनिर्भर नगरबासी, स्वच्छ नगर सुखी नगरबासी" नारा पूरा गर्नका लागी यो निर्वाचित सभाको अन्तिम वर्षको बजेट बनाइरहँदा हालसम्मको प्रगति तथा नीतिको परीक्षण(अडिट) गर्नुपर्ने समय आएको छ। युवाहरूको अपेक्षा र जागरणलाई सम्बोधन गर्न आवश्यक सोच र व्यवहार परिवर्तन आवश्यक छ। नीति कार्यक्रममा बजेटसँग आवद्ध गरिएको अपेक्षा रहेको लगायतका विषयहरू राख्नुभएको।

१.३ आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम निर्णयार्थ पेश हुदाँ नगरसभाबाट सर्बसम्मत स्वीकृत।

**बैठक संख्याः२**

**बैठक स्थानः नारायण नगरपालिकाको सभाहल**

अध्यक्षताः लोमन शर्मा

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८३/०३/०७ | ०३:०० बजे | आय र व्यय अनुमान सहितको बजेट वक्तव्य<br>आर्थिक विधेयक २०८३ पेश<br>विनियोजन विधेयक २०८३ पेश | तप्सा कुमारी खड्का थापा | |
| | ०३:३० बजे | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक पेश | जनक प्रसाद न्यौपाने | |
| | ०३:४० बजे | अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन पेश | दुर्गा श्रेष्ठ | |

**गतिविधि तथा निर्णयहरूः**

२.१ नगरपालिकाका उपप्रमुख तप्सा कुमारी खड्का थापाले आय र व्यय अनुमान सहितको बजेट बक्तव्य २०८३/८४, आर्थिक विधेयक, २०८३, विनियोजन विधेयक, २०८३ प्रस्तुत गर्नुभएको।

२.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक, २०८३ जनक प्रदान न्यौपानेले छलफलका लागि पेश गर्नुभएको।

२.३ अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन छलफलका लागि संयोजक श्री दुर्गा श्रेष्ठले प्रस्तुत गर्नुभएको ।

बैठक संख्याः३

बैठक स्थानः नारायण नगरपालिकाको सभाहल

अध्यक्षताः लोमन शर्मा

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८३/०३/१४ | ०१:०० बजे | बजेट तथा कार्यक्रम परिमार्जन सहित स्वीकृतिका लागि निर्णयार्थ पेश | लोमन शर्मा | |
| | ०१:१० बजे | अर्थ विधेयक स्वीकृतिका लागि निर्णयार्थ पेश | | |
| | ०१:२० बजे | विनियोजन विधेयक स्वीकृतिका लागि निर्णयार्थ पेश | | |
| | ०१:३० बजे | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक निर्णयार्थ पेश | जनक न्यौपाने | |
| | ०१:४० बजे | अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन निर्णयार्थ पेश | दुर्गा श्रेष्ठ | |
| | ०१:५० बजे | संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृतिका लागि पेश | | |
| | २:०० बजे | आ.ब.२०८२/८३ को संशोधित कार्यक्रमको जानकारी तथा अनुमोदन | तप्सा कुमारी थापा खड्का | |
| | २;०५बजे | न्यायिक समितिको प्रतिवेदन पेश | तप्सा कुमारी थापा खड्का | |
| | २:१० बजे | विविध प्रस्तावहरू | | |

| | | | | |
|---|---|---|---|---|
| | २:२० बजे | सभामा शुन्य तथा विशेष समय | | |

गतिविधि तथा निर्णयहरू

३.१ सभाध्यक्षले बजेट तथा कार्यक्रम परिमार्जन सहित स्वीकृतिका लागि निर्णयार्थ पेश गर्नुभएकोमा सर्बसम्मत रूपमा आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम स्वीकृत।

३.२ सभाध्यक्षले अर्थ विधेयक, २०८३ स्वीकृतिका लागि निर्णयार्थ पेश गर्नुभएकोमा सर्बसम्मत रूपमा स्वीकृत।

३.३ सभाध्यक्षले विनियोजन विधेयक, २०८३ स्वीकृतिका लागि निर्णयार्थ पेश गर्नुभएकोमा सर्बसम्मत रूपमा स्वीकृत।

३.४ सभाध्यक्षले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३ स्वीकृतिका लागि निर्णयार्थ पेश गर्नुभएकोमा सर्बसम्मत रूपमा स्वीकृत।

३.५ सभाध्यक्षले अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन निर्णयार्थ पेश गर्नुभएकोमा सर्बसम्मत रूपमा स्वीकृत।

३.६ संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन स्वीकृतिका लागि पेश भएकोमा सर्बसम्मत रूपमा स्वीकृत तथा प्रदेश निजामती किताब अभिलेखालयमा पद दर्ता गर्न पठाउने र सो नभएसम्मका लागि हाल कार्यरत करार कर्मचारीहरूबाट सेवा लिने गरी साविकको संख्यामा नबढ्ने गरी म्याद थप गर्न कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने।

३.७ आ.ब.२०८२/८३ को संशोधित कार्यक्रमको जानकारी तथा अनुमोदनका लागि पेश भएकोमा देहाय बमोजिमका निर्णयहरू सर्बसम्मत रूपमा अनुमोदन भएको।

**३.७.१** नगर कार्यापालिकाको मिति २०८३/०३/१४ को निर्णय नं २, निर्णय नं ३, निर्णय नं ४, निर्णय नं. ५, निर्णय नं. ७ र निर्णय नं. ८

**३.७.२** नगर कार्यापालिकाको मिति २०८३/०२/२७ को निर्णय नं १

**३.७.३** नगर कार्यापालिकाको मिति २०८३/०१/२९ को निर्णय नं १९ र निर्णय नं २०

**३.७.४** नगर कार्यापालिकाको मिति २०८३/०१/०८ को निर्णय नं ४

**३.७.५** नगर कार्यापालिकाको मिति २०८२/१२/०६ को निर्णय नं ७

**३.७.५** नगर कार्यापालिकाको मिति २०८२/१२/०६ को निर्णय नं ७

३.८ नगरपालिकाको न्यायीक समितिको प्रतिवेदन नगर उपप्रमुख तप्ता कुमारी थापाले पेश गर्नु भएकोमा सर्बसम्मत रूपमा स्वीकृत भएको।

३.९ सभाको विधायन समिति, सामाजिक समिति, सुशासन तथा स्थानीय सेवा समिति, कृषि पर्यटन, पूर्वाधार तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सभासमक्ष पेश भएकोमा छलफल भई स्वीकृत भएको।

३.१० आर्थिक वर्ष २०८३/८४-८५/८६ को लागि तयार गरिएको मध्यमकालीन खर्च संरचना सभाबाट सर्बसम्मत रूपमा स्वीकृत।

३.११ नगर सभाको अधिकारक्षेत्र भित्र भएका बजेट बाँडफाँट तथा कार्यक्रम स्वीकृतिको अधिकार नगर कार्यपालिका लागि प्रत्यायोजन गर्ने प्रस्ताव सर्बसम्मत् रूपमा स्वीकृत।

**क.हेल्भिटास साझेदारी** तर्फ विनियोजित रू ३३ लाखबाट कार्यान्वयन हुने निम्न योजनाहरूमा हेल्भिटास र नगरपालिकाको कुल विनियोजनबाट बजेट बाँडफाँट स्वीकृत गर्न कार्यापालिकालाई अधिकार प्रत्यायोजन गर्ने।

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | माझगाउँ ओखरबास खानेपानी योजना | १० | |
| २ | जुफ्या खानेपानी योजना | ११ | |
| ३ | पहाडा खानेपानी योजना | २ | |
| ४ | पैराधारा खानेपानी योजना | ८ | |
| ५ | बिजौरा खानेपानी योजना | ६ | |

**ख.सडक बोर्ड साझेदारी**: तर्फ विनियोजित रू १५ लाख तर्फ सडक वोर्डमा योजना छनौट गरी माग गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने।

**ग.नवप्रवर्तन साझेदारी**: तर्फ विनियोजित रू २२ लाख र प्रदेश सरकारबाट प्राप्त हुने रकम एकीकृत गरी बजेट बाँडफाँटका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने।

**घ. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) साझेदारीः** रू १ करोड ११ लाख रकम विनियोजनबाट निम्न योजनाहरूमा बजेट बाँडफाँट गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने।

**चालु आर्थिक वर्षमा सम्झौता भई आ व २०८३।०८४ सम्म सञ्चालन हुने योजनाहरुको विवरण**

| क्र स | योजनाको नाम | वडा न | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | खहरेखोला खा पा तथा सरसफाइ उपभोक्ता समिति | वडा न २ | खानेपानी | क्रमागत |
| २ | वल्लो कालीमाटी खा पा तथा सरसफाइ उपभोक्ता समिति | वडा न ३ | खानेपानी | क्रमागत |
| ३ | कालिमाटी सोलार लिफ्ट खा पा तथा सरसफाइ उपभोक्ता समिति | वडा न ३ | खानेपानी | सोलार लिफ्ट |
| ४ | कठायतवाडा खा पा तथा सरसफाइ उपभोक्ता समिति | वडा न ४ | खानेपानी | क्रमागत |
| ५ | गहतारी सिचाइ कुलो निर्माण उपभोक्ता समिति | वडा न ७।८ | सिचाइ | क्रमागत |
| ६ | नाउलीखोला सप्तडा सिचाइ कुलो उपभोक्ता समिति | वडा न ७।८ | सिचाइ | क्रमागत |
| ७ | मकैखोरीया बावियाचौर सिचाइ कुलो योजना | वडा न १० | सिचाइ | क्रमागत |
| ८ | हिमालय माध्यमिक विद्यालय शौचालय निर्माण | वडा न १० | शौचालय | क्रमागत |
| ९ | जागेचौर बृक्षा रोपण योजना | वडा न १० | बृक्षारोपण | कार्य सम्पन्न |
| १० | घियापानी तटवन्ध र खारेखोला वोयोइन्जिरिङ्ग योजना | वडा न ११ | तटवन्ध | कार्य सम्पन्न |

**आ व २०८३।०८४ को लागि प्रस्तावित योजनाहरु**

| क्र स | योजनाको नाम | वडा न | शिर्षक | प्राथमिकता |
|---|---|---|---|---|
| १ | ल्याण्ड फिल्ड साइट जलवायु उत्थान घेरवार र फोहरलाइ मोहोर | वडा न १ | सरसफाइ | १ |
| २ | कुइकाना बाउनधारा देखी गुह्यखोला सम्म पहिरो नियन्त्रण र वायो इजिनियरिङ्ग योजना | वडा न १ | तटवन्ध तथा वायो इन्जिनियरिङ्ग | २ |
| ३ | झारखेत कर्नेला पहिरो नियन्त्रण तथा वायो ईन्जिनियरिङ्ग योजना | वडा न ६ | तटवन्ध तथा वायो | ३ |

| | | | | |
|---|---|---|---|---|
| | | | इन्जिनियरिङ्ग | |
| ४ | पानीखोला सिचाइ कुलो घट्ट निर्माण | वडा न १० | सिचाइ | ४ |
| ५ | लामीडाडा खा पा तथा सरसफाइ योजना | वडा न ४ | खानेपानी | ५ |
| ६ | सिमलखेत मटेला सुवितडा सिचाइ कुलो | वडा न ३ र ६ | सिचाइ | ६ |
| ७ | भङ्गारी रुप्सेपानी बिजौरा दार्ना नयागाउ खा पा तथा सरसफाइ योजना | वडा न ६ | खानेपानी | ७ |
| ८ | विनीखोला भैरवथान सिचाइ योजना | वडा न ५ | सिचाइ | ८ |
| ९ | ढकानेटोल पहिरो नियन्त्रण | वडा न ८ | तटवन्ध | ९ |
| १० | विजौरा खोला वायो इन्जरिङ्ग तटवन्ध तथा पहिरो नियन्त्रण योजना | वडा न ७ | तटवन्ध | १० |
| ११ | धौलीखोला देखी सिलङ्गे गैरा सिचाइ योजना | वडा न ११ | सिचाइ | ११ |
| १२ | पाहाडा खा पा तथा सरसफाइ योजना | वडा न २ | खानेपानी | १२ |
| १३ | भट्टेरी पहिरो नियन्त्रण | वडा न ९ | तटबन्ध | १३ |
| १४ | सालखर्क सिचाइ कुलो योजना | वडा न ९ | सिचाइ | १४ |
| १५ | झारखेत झाल्सेतीदु खा पा तथा सरसफाइ योजना | वडा न ३ र ६ | खानेपानी | १५ |
| १६ | झुप्रेसाल फुलवारी लुछेकाडा र धुलपुर रिचार्ज पोखरी | १,६,५ र १० | रिचार्ज पोखरी | १६ |
| १७ | सिचाइ पोखरी निर्माण | वडा न १-२ र १० | पोखरी | १७ |
| १८ | बैतनेखोला ढुला तिदु सिचाइ कुलो योजना | वडा न ७ | सिचाइ | १८ |
| १९ | चारीपाटा वन संरक्षण | वडा न ८ | वन संरक्षण | १९ |
| २० | विद्यालय बृक्षा रोपण तथा शौचालय निर्माण योजना | वडा न ६ | शौचालय | २० |

३.१२ नगरपालिकाको संचित कोष, बजेट तथा कार्यक्रम, मर्मतसंभार कोष, विपद् व्यवस्थापन कोष लगायतका सबै खाताहरूबाट चालु आर्थिक वर्षमा हालसम्म भएका खर्च तथा प्रगतिको अवस्था, अनुगमन प्रतिवेदन समेत जानकारीमा लिई खर्च अनुमोदन।

३.१३ प्रचलित संघीय, प्रादेशिक तथा स्थानीय कानून बमोजिम नगर कार्यपालिकालाई प्रत्यायोजन गरिएका निर्णयहरू, नगरसभाबाट स्वीकृत गराउनुपर्ने निर्णयहरू तथा नगरकार्यपालिकाका समग्र निर्णयहरू जानकारीमा लिई अनुमोदन ।

३.१४ नारायण नगरपालिका क्षेत्रभित्र र मुख्यतया मध्यपहाडी राजमार्ग आसपासका जग्गाहरूको जग्गा रजिष्ट्रेसन मूल्यांकन वास्तविक कारोबार भन्दा अत्यन्त बढी भएको र सो सम्बन्धमा निरन्तर जनगुनासो आइरहेकोले सोको सम्बोधनका लागि जग्गाको मूल्यांकन वास्तविक कारोबार मूल्यमा आधारित हुनेगरी कायम गरिदिन जिल्ला मूल्यांकन समिति तथा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

३.१५ नगरपालिकाको विकासका निमित्त अत्यावश्यक योजनाहरू निर्माणका लागि सम्बन्धित संघीय तथा प्रादेशिक मन्त्रालयमा अनुरोध गरी पठाउन स्वीकृत।

**क.** वडा नं. ३ र ४ जोडने देवलकाँडा सडक रिमेखोला पक्की पुल निर्माण

**ख.** आर्यखोला ना.न.पा. १० पक्की पुल निर्माण

ग. गढीखोला ना.न.पा. १० पक्की पुल निर्माण

**घ**. पँधेरी खोला ना.न.पा. १० झोलुङ्गे पुल निर्माण

ङ. लुछेकाँडा देवलकाँडा ना.न.पा. ४ झोलुङ्गे पुल निर्माण

३.१६ सभा समक्ष शुन्य र विशेष समयमा सभाका सदस्य तथा नगर उपप्रमुखबाट सम्बोधन भएको।

**क) सदस्य श्री महेन्द्र विक्रम खड्का:** विधेयक उपर पर्याप्त छलफल हुनुपर्ने, ५ वर्षको बजेट परीक्षण तथा नीति परीक्षण आवश्यक रहेको लगायतका विषय राख्नुभएको।

**ख) सदस्य श्री लोक बहादुर नेपाली:** विपन्न दलितका लागि स्वास्थ्य बीमा नीति अधुरो भयो, पालिका भित्रका कार्यक्षेत्र भएका प्रदेश तथा संघ सरकार र अन्य निकायहरूले समन्वय गर्ने प्रगति पेश गर्ने लगायतका व्यवस्था गरी एकरूपता प्रवर्द्धन र दोहोरोपन अन्त्य गर्न आवश्यक रहेको लगायतका विषयहरू राख्नुभएको।

**ग) सदस्य श्री जनक न्यौपाने:** नीति तथा ऐनका विषयहरूलाई सुशासन समितिमा छलफल गरिएको, नीति तथा ऐन तर्जुमाका मस्यौदाहरू समयमै प्रस्तुत गरिएका र सभामा उठान गरिएका विषयहरू समेटी अग्रगामी सुधारका लागि सभा तत्पर रहेको लगायतका विषय राख्नुभएको।

**घ) सभाका उपाध्यक्ष श्री तप्ता कुमारी थापा खड्का:** सभालाई सम्बोधन गर्दै सभामा उठान भएका विषयहरूलाई सम्बोधन गर्नुभएको, सभा सम्पन्न गर्न पुऱ्याउनुभएको सहयोग र साथका लागि धन्यबाद दिँदै आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि सदा झै सहयोगको अपेक्षा सहितको मन्तव्य राख्नुभएको।

सभाको समापनमा सभाध्यक्ष लोमन शर्माज्यूले सभामा उठेका विषयहरूको सम्बोधन सहितको मन्तव्य, सभा तयारी सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद, आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सहयोग, सहकार्य र साझेदारीको अपेक्षा गर्दै सभाको अठारौं अधिवेशन सफलतापूर्वक सम्पन्न भएको घोषणा गर्नुभयो।